आज मिति २०८३ साल ज्येष्ठ ०८ गते शुक्रवार का दिन यस बारबर्दिया नगरपालिकाको ९३ औं नगरकार्यपालिका बैठक नगर प्रमुख श्री छविलाल थारुज्यूको अध्यक्षतामा तपसिल बमोजिमको उपस्थितीमा बसि पेश भएका प्रस्ताव उपर छलफल गरी देहाय बमोजिम निर्णय पारित गरियो।

तपसिल:

| सि.नं. | नाम थर | पद | दस्तखत |
|---|---|---|---|
| १ | छविलाल थारु | नगर प्रमुख | |
| २ | रत्न कुमारी पाण्डे | नगर उप-प्रमुख | |
| ३ | कैलासपति थारु | १ नं. वडा अध्यक्ष | |
| ४ | राम फेरन थारु | २ नं. वडा अध्यक्ष | |
| ५ | नन्दलाल थारु | ३ नं. वडा अध्यक्ष | |
| ६ | सिताराम योगी | ४ नं. वडा अध्यक्ष | |
| ७ | लाल बहादुर थारु चौधरी | ५ नं. वडा अध्यक्ष | |
| ८ | झग बहादुर वली क्षेत्री | ६ नं. वडा अध्यक्ष | |
| ९ | इन्द्र प्रसाद थारु चौधरी | ७ नं. वडा अध्यक्ष | |
| १० | नर बहादुर चन्द | ८ नं. वडा अध्यक्ष | |
| ११ | देवेन्द्र कुमार विष्ट | ९ नं. वडा अध्यक्ष | |
| १२ | रण बहादुर चौधरी | १० नं. वडा अध्यक्ष | |
| १३ | विजय कुमार चौधरी | ११ नं. वडा अध्यक्ष | |
| १४ | धर्मी तारमी | कार्यपालिका सदस्य | |
| १५ | खिमा परियार | कार्यपालिका सदस्य | |
| १६ | श्याम कुमारी चौधरी | कार्यपालिका सदस्य | |
| १७ | इन्दर कुमारी थारु | कार्यपालिका सदस्य | |
| १८ | बेलमोती कुमारी वैद्य | कार्यपालिका सदस्य | |
| १९ | मातृका प्रसाद राजी | कार्यपालिका सदस्य | |
| २० | पुश्कल बहादुर वि.क. | कार्यपालिका सदस्य | |
| २१ | दैनिता बि.क. | कार्यपालिका सदस्य | |
| २२ | गौतम भण्डारी | सदस्य-सचिव | |
| २३ | लक्ष्मी पौडेल | प्रशासन शाखा | |
| २४ | बलराम थापा | वडा सदस्य-११ | |
| २५ | रामबहादुर के.सी. | लेखा अधिकृत | |
| २६ | प्रकाश रोही | इन्जिनियर | |
| २७ | उषा पुन | स.म.वि.अ. | |
| २८. | हेमराज खड्का | स.छ.वि.अ. | |
| २९. | राज कुमार थापा | आर्थिक विकास शाखा | |

मिति २०८३/२/०८ गते बिहान ७.०० बजे बसेको नगर कार्यपालिका बैठकका प्रस्तावहरु

१. सार्वजनिक ऐलानी, पर्ती जग्गाहरुका योजना सम्बन्धमा ।

२. अ.स.ई. केशव बुढाको सरुवा सहमती सम्बन्धमा ।

३. शीत भण्डार सञ्चालन तथा व्यवस्थापन कार्यविधि, २०८३ सम्बन्धमा ।

४. अपागंता रोकथाम तथा पुनःस्थापना साझेदारी कार्यक्रम सञ्चालन कार्यविधि,२०८३ सम्बन्धमा ।

५. सहजकर्ताको जिम्मेवारी तोक्ने सम्बन्धमा ।

६. साझेदारी कार्यक्रमका लागि प्रतिवद्वता सम्बन्धमा ।

७. आगामी आवको बजेट तर्जुमा प्रकृया सम्बन्धमा ।

८. राहत उपलब्ध गराउने सम्बन्धमा ।

९. विविध ।

निर्णय नं. १ संघ तथा प्रदेश सरकारका पछिल्ला विभिन्न मितिका परिपत्र अनुसार सार्वजनिक, ऐलानी,पर्ती जग्गाहरु र बन क्षेत्रको अतिक्रमण हटाउने भनिएकाले चालु आ.व. २०८२/०८३ मा हालसम्म पनि सञ्चालनमा नरहेका योजना एवम् कार्यक्रम सुरु नगर्नहुन र प्रकृयामा रहेका योजना एवम् कार्यक्रमको अन्तिम भुक्तानी लिनु अघि योजना एवम् कार्यक्रमसँग सम्बन्धित सो स्थानका वडघर, समुदाय र सरोकारवालाहरुसँग सघन छलफल गरी सामुहिक अपनत्व सहितको निर्णय गराउन वडा कार्यालयलाई निर्देशन दिने साथसाथै अगामी आ.व. २०८३/०८४ को वडा तथा नगर स्तरीय योजनाहरु तर्जुमा गर्दा सम्बन्धित सरोकारवालाहरुसँग पुनः व्यापक छलफल गरी सार्वजनिक, ऐलानी पर्ती जग्गाहरु र बनको क्षेत्रमा नपर्ने गरी वा समावेश नहुने गरी योजना तथा बजेट तर्जुमा गर्न सम्पुर्ण वडा कार्यालयहरुलाई परिपत्र गर्ने निर्णय गरियो ।

निर्णय नं.२ यस कार्यालयका पूर्व कर्मचारी असिष्टेन्ट सब-ईन्जिनियर केशव बुढा संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको मिति २०७८/०८/२० गतेको पत्रानुसार दोहोरो सहमतीका आधारमा सुदूरपश्चिम प्रदेश अन्तर्गत कैलाली जिल्ला धनगढी उप-महानगरपालिकामा काज सरुवा हुनुभएको र निजको पदस्थापनका लागि यस नगरपालिबाट धनगढी उप-महानगरपालिकाका लागि सरुवा सहमती प्रदान गर्ने निर्णय गरियो ।

निर्णय नं. ३ शीत भण्डार सञ्चालन तथा व्यवस्थापन कार्यविधि, २०८३ उपर छलफल गर्दा छिमेकी जिल्ला वा प्रदेशमा सञ्चालनमा रहेका शीत भण्डारहरुको अध्ययन अवलोकन गरी कृषि विकास उपशाखालाई आगामी कार्यपालिका बैठकमा प्रतिवेदन पेश गर्न लगाउने निर्णय गरियो ।

प्रमुख प्रशासकीय अधिकृत

CamScanner

निर्णय नं. ४ अपागंता रोकथाम तथा पुनःस्थापना साझेदारी कार्यक्रम सञ्चालन कार्यविधि, २०८३ लाई थप छलफलका लागि विधायन समितमा पठाउने निर्णय गरियो ।

निर्णय नं. ५ अपागंता रोकथाम तथा पुनःस्थापना साझेदारी कार्यक्रम सञ्चालनका लागि आवश्यक पर्ने ४ जना सहजकर्ताको रुपमा पालिका भित्रै कार्यरत तपसिल बमोजिमका कर्मचारीहरुलाई थप जिम्मेवारी तोक्ने निर्णय गरियो ।

तपसिलः

| क.स. | नाम थर | पद | शाखा/कार्यक्रम |
|---|---|---|---|
| १. | शर्मिला चौधरी | फिल्ड सहायक | सामाजिक सुरक्षा तथा पञ्जिकरण उपशाखा |
| २. | शर्मिला राना मगर | उद्यम विकास सहजकर्ता | उद्यम विकास उपशाखा |
| ३. | सृजना घिमिरे | पोषण सहजकर्ता | बहुक्षेत्रीय पोषण कार्यक्रम |
| ४. | सुशिला पौडेल | सामाजिक परिचालक | गरिबसँग विश्वेश्वर कार्यक्रम |

निर्णय नं. ६ अपागंता रोकथाम तथा पुनःस्थापना साझेदारी कार्यक्रम सञ्चालनका लागि आ.व. २०८३/०८४ र २०८४/०८५ मा खर्च हुने कुल बजेट मध्ये बारबर्दिया नगरपालिकाको तर्फबाट कम्तीमा २५ प्रतिशत लागत साझेदारी गर्ने र सो अवधि पश्चात पनि कार्यक्रमलाई निरन्तरता दिने प्रतिवद्धता सहितको निर्णय गरियो ।

निर्णय नं. ७ आगामी आ.व. २०८३/०८४ मा बजेट तर्जुमा गर्दा आन्तरिक आयको यथार्थपरक प्रक्षेपण गरी राजश्वको दायरा विस्तार गर्न राजश्व परामर्श समितिलाई निर्देशन दिने निर्णय गरियो ।

निर्णय नं. ८ विभिन्न मितिमा भएका प्राकृतिक प्रकोपका कारण भएको क्षतिको वडाहरुबाट प्राप्त सिफारिस अनुसार विपद व्यवस्थापन कोषबाट तपसिल बमोजिमका व्यक्तिलाई राहत उपलब्ध गराउने निर्णय गरियो ।

बारबर्दिया नगरपालिका नगरकार्यपालिकाको कार्यालय लुम्बिनी प्रदेश, नेपाल

प्रमुख प्रशासकीय अधिकृत